# स्थानीय राजपत्र

## मेल्लेख गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या १२ मिति २०८२ चैत्र ५ गते**

## भाग १

## मेल्लेख गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८२ को ऐन नं १२

### पूर्वाधार ब्यवस्थापन ऐन, २०८२

**प्रस्तावना:** गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले

मेल्लेख गाउँपालिका

नेपालको संविधानको धारा २२६ मेल्लेख गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"पूर्वाधार ब्यवस्थापन ऐन, २०८२"** रहने छ।

(२) यो ऐन गाउँ सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

(ख) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

(घ) "गाउँपालिका" भन्नाले मेल्लेख गाउँपालिका सम्झनु पर्छ।

(ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको

नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "पुर्वाधार" भन्नाले अनुसूची १ मा उल्लिखित संरचना सम्झनु पर्छ।

## परिच्छेद-२

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको बर्गिकरण**: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउन आवश्यकता अनुसार स्थानीय सडकहरूको वर्गीकरण गर्ने तथा बृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ।

(२) गाउँपालिका स्तरमा मुख्यतः देहाय बमोजिमका सडकहरू रहनेछन्;

(क) **पालिका सडकः** गाउँपालिकाको केन्द्र वा अन्य महत्वपूर्ण स्थानमा अवस्थित सडकलाई पालिका सडकको रूपमा वर्गीकरण गरिनेछ। यस्ता सडकको न्यूनतम चौडाइ आठ मिटर हुनुपर्नेछ।

(ख) **वस्ती सडकः** गाउँपालिकाभित्रका बस्तीहरूमा यातायातको पहुँच सुनिश्चित गर्न निर्माण गरिएका सडकहरूलाई वस्ती सडक (ग्रामीण सडक) को रूपमा वर्गीकरण गरिनेछ। यस्ता

सडकहरूको चौडाइ पाँच मिटरसम्म हुनेछन्।

(ग) **कृषि सडकः** गाउँपालिकाभित्रका प्रमुख कृषि उत्पादन क्षेत्रहरू र बजार क्षेत्रहरूलाई आपसमा जोड्ने सडकहरूलाई कृषि सडकको रूपमा वर्गीकरण गरिनेछ। यस्ता सडकको न्यूनतम चौडाइ चार मिटर हुनुपर्नेछ।

(घ) **घोडेटो मूल बाटोः** एकभन्दा बढी गाउँ वा बस्तीलाई जोड्ने, मानिस तथा पशुचौपाया मात्र आवतजावत गर्ने बाटोलाई घोडेटो मूल बाटोको रूपमा वर्गीकरण गरिनेछ। यस्ता बाटोको न्यूनतम चौडाइ दुई (२) मिटर हुनुपर्नेछ।

(ङ) **गोरेटो बाटोः** वस्तीबाट घोडेटो मूल बाटो वा वस्ती सडकसम्म जोडिने, अधिकतम एक किलोमिटर लम्बाइसम्मको, मानिस तथा पशुचौपाया आवतजावत गर्ने बाटोलाई गोरेटो बाटो भनिनेछ। यस्ता बाटोको न्यूनतम चौडाइ तीन फिट हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम वर्गीकृत प्रत्येक स्थानीय सडकको घुम्ती तथा मोडहरूमा ठूला सवारी साधनको आवागमनलाई समेत मध्यनजर गर्दै तोकिएको न्यूनतम् चौडाइभन्दा कम्तीमा पचास प्रतिशत बढी चौडाइ कायम हुने गरी निर्माण गर्नुपर्नेछ।

४. **<u>मापदण्ड निर्धारण गर्ने</u>**ः (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

५. **<u>स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने</u>**ः (१) यस ऐनको दफा ३ बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार गाउँपालिकालाई हुनेछ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने, नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्न दायाँ बायाँ थप जग्गा लिनु परेमा सम्बन्धित जग्गाधनीको सहमति लिनु पर्नेछ।

६. **सडकको आवागमनमा बाधा पुर्याउने नहुने**: (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ।

## परिच्छेद-३

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

७. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने:** (१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित कार्य गर्नु गराउनु हुदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड तयार गर्नेछ।

८. **भवनको दर्ता**ः गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

९. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था**ः (१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन आरसिसी स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिंदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ।

(२) आवासीय भवनको हकमा दुई सय पचास वर्ग मिटर सम्मको भवन बनाउदा तीस प्रतिशत खाली जग्गा छोड्नु पर्दछ। सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा पचास प्रतिशत खाली स्थान छोड्नु पर्दछ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्यूनतम् पाँच फिट सेटव्याक छोड्नु पर्दछ।

१०. **बस्ती विकासको लागि अनुमति दिने**ः (१) गाउँपालिकाले गरेको जग्गा वर्गीकरण अनुसार आवासीय क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा समुदायले जग्गालाई घडेरी प्रयोजनका लागि विकास गर्न वा यसरी विकास गरी बिक्री गर्ने उद्देश्यले बस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ती विकाससम्बन्धी कार्ययोजना, आवश्यक नक्सा, विवरण तथा गाउँपालिकाले तोकेको अन्य

कागजात संलग्न गरी अनुमति प्राप्त गर्नका लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको गाउँपालिकाले प्रचलित कानुन, स्वीकृत मापदण्ड तथा बस्ती विकाससम्बन्धी गुरुयोजनाको अधीनमा रही आवश्यक जाँचबुझ तथा प्राविधिक मूल्याङ्कन गर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा निवेदन उचित देखिएमा गाउँपालिकाले आवश्यक शर्तहरू तोकी बस्ती विकास परियोजना सञ्चालन गर्न अनुमति प्रदान गर्नेछ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा निवेदन अस्वीकृत गर्नुपर्ने देखिएमा गाउँपालिकाले त्यसको कारण खुलाइ सम्बन्धित निवेदकलाई लिखित रूपमा जानकारी गराउनेछ।

## परिच्छेद-४

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

११. **पूर्वाधार आयोजना तर्जुमाः** (१) गाउँपालिकामा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरी गाउँ सभाबाट पारित गर्नु पर्नेछ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछः-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च, र

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप।

१२. **लागत अनुमान तयार गर्नुपर्नेः** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि वढाउनु पर्नेछ।

१३. **पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनः** गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुनले तोकेको प्रक्रियाहरु अवलम्बन गरिनेछ।

१४. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः** (१) गाउँपालिकाले साठी लाख रूपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले ब्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम गाउँपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित गाउँपालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको ब्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण ब्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राखु पर्नेछ।

(५) उपदफा (३) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो तीन महिनाभित्र नवीकरण गराउनु पर्दछ।

(६) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्ने छः

(क) न्यूनतम् दुई लाख रुपैयाँ सम्मको चालू पूँजी देखाई गाउँपालिकामा ब्यवसाय दर्ता भएको,

(ख) ब्यक्ति वा ब्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम् पाँच लाख

रुपैयाँ सम्म वैंकिङ्ग कारोबार गरेको, र

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा तीन लाख रुपैयाँ सम्मको निर्माण उपकरण चालू हालतमा रहेको।

१५. **स्थानीय निर्माण व्यवसायीबाट पूर्वाधार निर्माण गराउन सक्ने**: (१) गाउँपालिकाले स्थानीय निर्माण व्यवसायीहरु मार्फत साठी लाख रुपैयाँ सम्मको काम गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिस्पर्धाका आधारमा छनोट गर्न सक्नेछ।

(३) गाउँपालिकामा दर्ता भएका ब्यवसायीहरु मध्येबाट निर्माण कार्य गराउदा प्रचलित सार्वजिक खरिद सम्बन्धी कानुनको अधिनमा रहि गाउँपालिकाले निर्धारण गरेको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उप-करार गर्न सकिने छैन। कुनै कारणवस आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउँपालिकालाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त भएमा गाउँपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिले पैंतीस दिनभित्र गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्दछ।

१६. **पूर्वाधार मर्मत संभार कोषः** गाउँपालिका भित्र रहेका गाउँ स्तरीय वा सङ्घ तथा प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोषको स्थापना गर्न सकिनेछ।

## परिच्छेद-५

## पूर्वाधार अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१७. **पूर्वाधार अनुगमन समितिको गठनः** गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने तीस लाख रुपैयाँ भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्वन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष -सदस्य

(ग) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकोको एक महिला सहित दुई जना -सदस्य

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख -सदस्य सचिव

१८. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

१९. **अनुगमन पश्चात निर्देशन दिन सक्नेः** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) सङ्घ र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ।

२०. **सहमति दिनुपर्नेः** गाउँपालिका आफैंले सञ्चालन गर्ने तीस लाख रुपैयाँ माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण ब्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ।

२१. **कारबाहीको सिफारिस गर्न सक्नेः** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण ब्यवसायीकै लापरबाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण ब्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने सक्नेछ।

२२. **कालो सूचीमा राख्ने**: (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछः

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर तीन महिना सम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा, र

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा ।

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भीर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ।

२३. **प्राविधिक मूल्याङ्कन गर्नु पर्ने**: (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याङ्कन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद-६

## सार्वजनिक निजी साझेदारीमा पूर्वाचार संरचनाको निर्माण तथा सञ्चालन

२४. **नीजि साझेदारीमा पूर्वाधारको विकास गर्न सक्नेः** (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाइसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा नीजि लगानीकर्तासँग साझोदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछः-

(क) सञ्चालन तथा व्यवस्थापनः अधिकतम पाँच वर्षका लागि,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरणः सात देखि पन्ध्र वर्षका लागि,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरणः पन्ध्र देखि बीस वर्षका लागि, र

(घ) लिज वा कन्सेसनः सम्झौतामा तोकिए वमोजिम वा अधिकतम् बाईस वर्ष।

२५. **प्रस्ताव आव्हान गर्न सक्नेः** (१) गाउँपालिकाले यस ऐन बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसाय-पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि ब्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ;

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण,

(ख) अनुमानित लागत,

(ग) बित्तिय स्रोत,

(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा),

(ङ) कार्यान्वयनका विवरण,

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(छ) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन, र

(ज) प्रस्तावित शुल्क र करार अवधी।

२६. **प्रस्ताव छनौट र सम्झौताः** (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपसिलका आधारहरुमा मूल्याङ्कनका गराई प्रस्ताव छनोट गर्न सक्नेछः

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर,

(ख) प्रस्तावित निजी लगानी,

(ग) सेवा शुल्क र रोयल्टी रकम,

(घ) लिज अवधी, र

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि।

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसंग गाउँपालिकाले अवधी किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ।

२७. **संचालन तथा व्यवस्थापनः** सम्झौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धीत साझेदारको हुनेछ। सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एकअर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ।

## परिच्छेद-७

## वातावरण, भूसंरक्षण तथा वैकल्पीक उर्जा

२८. **वातावणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले साठी लाख देखि दश करोड रूपैयाँ सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण

र दश करोड रुपैयाँ भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आयोजनाको वातावरणीय परीक्षण र स्वीकृति गाउँपालिकाको कानुन बमोजिम स्वयंले गर्न सर्नेछ।

२९. **बैकल्पिक ऊर्जालाई प्रोत्साहनः** (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्नेछ।

(२) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नु अघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ। यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन।

(३) घरेलु शौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा दश प्रतिशत सम्म छुट दिन सक्नेछ।

३०. **भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्नेः** (१) गाउँपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका ब्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनु हुँदैन।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा गाउँपालिकाले अधिकतम सात वर्षका लागि वृक्षारोपण गर्न र सोको उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथमिकता दिनु पर्नेछ।

३१. **<u>फोहरमैला तथा फोहरपानी व्यवस्थापनः</u>** (१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्नेछ।

(२) गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिका संग समन्वय गर्न सक्नेछ।

## परिच्छेद-८

## <u>कसूर, जरिवाना तथा कारबाही सम्बन्धी व्यवस्था</u>

३२. **<u>कसूर गरेको मानिनेः</u>** यस ऐन बमोजिम देहायका कार्यहरू गरेमा कसूर गरेको मानिनेछ;

(क) दफा ३ बमोजिम वर्गीकृत स्थानीय सडक वा सोको अधिकार क्षेत्रभित्र गाउँपालिकाको स्वीकृति नलिई कुनै संरचना निर्माण गरेमा वा व्यवसाय सञ्चालन गरेमा,

(ख) स्वीकृति नलिई सार्वजनिक सडक खन्ने, भत्काउने, अतिक्रमण गर्ने वा क्षति पुऱ्याउने कार्य गरेमा,

(ग) सार्वजनिक सडकको आवागमनमा बाधा पुग्ने गरी मालवस्तु राखेमा, छाडेमा वा फालेमा,

(घ) स्वीकृति नलिई भवन निर्माण, पुनःनिर्माण, तला थप, स्वरूप परिवर्तन वा अन्य विकास कार्य गरेमा,

(ङ) यस ऐन बमोजिम नक्सा तथा डिजाइन स्वीकृति नलिई भवन निर्माण गरेमा,

(च) यस ऐन बमोजिम बस्ती विकास परियोजना अनुमति नलिई सञ्चालन गरेमा,

(छ) दफा १५ बमोजिम पाएको निर्माण कार्य उप करारमा दिएमा वा सम्झौताविपरीत कार्य गरेमा,

(ज) दफा २४ देखि २७ बमोजिम भएको सार्वजनिक निजी साझेदारी सम्झौताका शर्तहरू उल्लङ्घन गरेमा,

(झ) वातावरणीय परीक्षण वा वातावरण प्रभाव मूल्याङ्कन गर्नुपर्ने अवस्थामा

सो नगरी आयोजना सञ्चालन गरेमा,

(ञ) यस ऐन वा यस अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिका वा मापदण्डको उल्लङ्घन गरेमा।

३३. **जरिवाना तथा दण्ड सजायः** (१) दफा ३२ बमोजिम कसूर गर्ने व्यक्तिलाई कसूरको प्रकृति र गम्भीरता अनुसार तीन हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म गरिवाना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्दा आवश्यक देखिएमा अवैध रूपमा निर्माण गरिएको संरचना भत्काउन, हटाउन वा यथास्थितिमा ल्याउन गाउँपालिकाले आदेश दिन सक्नेछ।

(३) एउटै कसूर दोहोऱ्याई गरेमा यस दफाबमोजिम हुने जरिवाना दोब्बर गरिनेछ।

३४. **क्षतिपूर्ति असुल उपर गर्नेः** यस ऐन विपरीतको कार्यका कारण सार्वजनिक सम्पत्ति, पूर्वाधार वा वातावरणमा क्षति पुगेमा सोको वास्तविक लागत मूल्याङ्कन गरी कसूर गर्ने व्यक्तिबाट क्षतिपूर्ति असुल उपर गरिनेछ।

३५. **कारबाही गर्ने अधिकारः** (१) यस ऐन बमोजिमको कसूरमा कारबाही गर्ने अधिकार गाउँपालिकाको कार्यपालिकालाई हुनेछ।

(२) कार्यपालिकाले आवश्यक ठानेमा प्राविधिक जाँच, स्थलगत निरीक्षण तथा सुनुवाइ गरी निर्णय गर्न सक्नेछ।

## परिच्छेद-९
## विविध

३६. **अन्तर स्थानीय समन्वयः** एक भन्दा बढी स्थानीय तह जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ।

३७. **प्रचलित कानुन बमोजिम हुने**: यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

३८. **नियम, कार्यविधि, निर्देशिका र मापदण्ड वनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ।

३९. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ।

अनुसूची १

*(दफा २ को खण्ड (च) सँग सम्बन्धित)*

**गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने पूर्वाधारहरु**

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन,

(ग) स्थानीय स्तरमा सार्वजनिक यातायात प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(घ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन,

(ङ) स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(च) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी,

(छ) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन,

(ज) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन,

(झ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन,

(ञ) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन,

(ट) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन,

(ठ) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन , र

(ड) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रर्वर्द्धन।

**आज्ञाले**
दिर्घ बहादुर खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत